# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, साउन १ गते २०५६ साल (अतिरिक्ताङ्क १७ (ख)

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ बमोजिम जारी भएको खण्ड ४९, अतिरिक्ताङ्क १५ (घ), मिति २०५६।३।२७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा १५ को उपदफा (१) को प्रयोजनको लागि श्री ५ को सरकारले देहायका मालवस्तुहरू बाहेकका व्यापारिक प्रयोजनका लागि नेपाल अधिराज्यभित्र पैठारी हुने माल वस्तुहरूमा मिति २०५६ साल श्रावण १ गतेदेखि स्थानीय विकास शुल्क लगाई असूल उपर गर्ने निर्णय गरेको छ ।

१. आ.व. २०५६।५७ को भंसार महसुल दरबन्दीमा माफी जनिएका वस्तुहरू,
२. कूटनैतिक सुविधा वा भंसार महसुल सुविधा अन्तर्गत पैठारी हुने वस्तुहरू,
३. अन्तर्राष्ट्रिय संघ संस्था तथा वैदेशिक सहायता अन्तर्गत संचालित आयोजनाहरूको लागि पैठारी हुने सरसामानहरू,
४. गुण्टा, झिटी, भारी आदेश बमोजिम व्यक्तिगत प्रयोगका लागि भंसार महसुल माफिमा पैठारी गर्न सक्ने वस्तुहरू, व्यापारिक प्रयोजन बाहेक व्यक्तिगत प्रयोगका एकसरो सामानहरू, सुन, चाँदी तथा सुन, चाँदीका गहनाहरू,
५. विदेशबाट पैठारी हुने तयारी औषधीहरू,
६. औषधी उद्योगले विदेशबाट पैठारी गर्ने औषधीको कच्चा पदार्थ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह- सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।